# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।१६ गते

## प्रेस विज्ञप्ति

**विषय: मालपोत कार्यालय, सर्लाहीमा कार्यरत नायव सुब्बा राम नरेश रायलाई घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

---

मालपोत कार्यालय, सर्लाहीमा कार्यरत नायव सुब्बा राम नरेश रायले ईश्वरपुर नगरपालिका वडा नं.६ का स्वबासी जग्गाहरु दर्ता गरिदिए बापत प्रति धुर रु.१०,०००।- (दश हजार) का दरले विभिन्न बहानामा घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा आयोगको बर्दिबास कार्यालयबाट खटि गएको टोलीले निज ना.सु. राम नरेश रायलाई रु. १२,२५,०००।- (बाह्र लाख पच्चिस हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा सदरमुकाम मलंगवा, वडा नं. १० स्थित निजको घर (डेरा) बाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी